# प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठक

मितिः २०८३।०५।२९

समयः दिउँसो २:०० बजे

स्थानः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

**बैठकका एजेण्डाहरूः**

१) मिति २०८३।०५।१७ गतेको बैठकको निर्णयहरू कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२) मिति २०८३।०५।२३ गते मुस्ताङ जिल्लाको लोमान्थाङ क्षेत्रमा गएको भूकम्पबाट भएको क्षति तथा प्रभावितहरूलाई राहत वितरणको निर्णय सम्बन्धमा।

३) प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र (PEOC) को सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।

४) विपद् पूर्व तयारी तथा प्रतिकार्यको लागि आवश्यक पर्ने उद्धार तथा राहत सामग्री सम्बन्धमा।

५) विपद् व्यवस्थापनका लागि बजेट व्यवस्थापन सम्बन्धमा।

६) सम्मान सम्बन्धमा।

७) प्रदेश विपद् व्यवस्थापन नियमाली, २०७७ मा संशोधन सम्बन्धमा।

८) राहत सामग्री ढुवानी रकमको भुक्तानी सम्बन्धमा।

आज मिति २०८३ भदौ २९ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यूको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट देहाय बमोजिमका निर्णयहरू गरियोः-

**निर्णय नं. १**

मिति २०८३।०५।१७ गतेको बैठकको निर्णयहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल तथा समीक्षा गरियो।

**निर्णय नं. २**

हालै मुस्ताङ जिल्लाको लोमान्थाङ क्षेत्रमा गएको भुकम्पबाट प्रभावित नागरिकहरुको सुरक्षित वसोवासका लागि जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय एवं जिल्ला प्रशासन कार्यालय मुस्ताङको राहत सामग्री मागका आधारमा मिति २०८३/०५/२८ मा भएको (माननीय मुख्यमन्त्रीस्तर) निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, मुस्ताङलाई हस्तान्तरण गरिएका देहायबमोजिमका सुरक्षित बसोवाससँग सम्बन्धित सामग्रीहरू यसै बैठकबाट अनुमोदन गर्नेः

मुख्यमन्त्री

मुख्यमन्त्री

१. टेन्टः १०० (एक सय थान)
२. हरियो त्रिपालः १०० (एक सय थान)
३. म्याट्रेसः निलो २० (बीस थान)
४. पि फर्म म्याट्रेसः २ (दुई रोल)
५. डोरीः २ (दुई रोल)

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय पोखरा, नेपाल

हस्तान्तरण गरिएका उक्त सामग्रीहरू मुस्ताङ जिल्लाका भूकम्प प्रभावित नागरिकहरुलाई वितरण गरेको प्रतिवेदन र मौज्दातको विवरण जिल्ला प्रशासन कार्यालय, मुस्ताङसँग माग गर्ने।

**निर्णय नं. ३**

गण्डकी प्रदेशको विपद् व्यवस्थापन, पूर्व सूचना प्रणाली तथा प्रतिकार्यलाई थप चुस्त, प्रविधिमैत्री र प्रभावकारी बनाउन **प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र (PEOC)** लाई साविकको स्थानबाट नयाँ स्तरोन्नति गरिएको भवनमा स्थानान्तरण गर्ने; साथै उक्त केन्द्रलाई २४ सै घण्टा सुरक्षा निकायको समन्वयमा पूर्ण रूपमा सञ्चालनमा ल्याउन आवश्यक पर्ने स्रोत साधनहरुको देहाय बमोजिम व्यवस्थापन गर्नेः-

क. प्रदेश सरकारका सम्बन्धित विषयगत मन्त्रालयहरुले प्रदेश आपतकालीन कार्य सञ्चालन केन्दलाई आवश्यक सूचना प्रवाह गर्ने सम्बन्धमा एकजना प्रतिनिधि तोकी पठाउने।

ख. **प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र (PEOC)** सञ्चालन तथा व्यवस्थापनका लागि सुरक्षा निकायका प्रतिनिधिहरु रहने,

ग. सुरक्षा निकायहरू स्रोत साधन सहित पूर्वतयारी अवस्थामा रहने।

**निर्णय नं. ४**

कार्यालयको स्वीकृत कार्यक्रम र बजेट सीमाभित्र रही विपद् पूर्व तयारी तथा प्रतिकार्यको लागि आवश्यक पर्ने उद्धार तथा राहतको लागि प्रयोग हुने सामग्री खरिद गरी देहाय बमोजिम गर्नेः

क) सुरक्षा निकायलाई विपद् उद्धारमा प्रयोग हुने आवश्यक सामग्री सुरक्षा निकायलाई हस्तान्तरण गर्ने।

ख) प्रदेश गोदामघरमा आवश्यक राहत सामग्री मौज्दात राख्ने।

**निर्णय नं. ५**

बाढीजन्य विपद्‌बाट क्षतिग्रस्त संरचनाको मर्मत संभार गरी आवागमन सुचारू गर्न पूर्वाधार विकास कार्यालय, कास्कीको कार्यक्षेत्रको नयाँ पुल-बिरेठाँटी-घान्द्रुक-उरी सडक मर्मत तथा पुनर्निर्माणका लागि रू. ५०,००,०००।- (अक्षेरुपी पचास लाख रूपैयाँ मात्र) रकम भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय वा अन्तर्गत निकायलाई आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशले उपलब्ध गराउन सिफारिस गर्ने।

मुख्यमन्त्री

मुख्यमन्त्री

**निर्णय नं. ६**

भोटेकोशी बाढीबाट प्रभावित गण्डकी प्रदेशका विभिन्न स्थानमा खोज, उद्दार, राहत तथा शव व्यवस्थापन एवं विपद्बाट क्षतिग्रस्त संरचना (सडक, पुल) को पुनर्निर्माण तथा मर्मत संभारमा खटिनुभएका सुरक्षाकर्मी तथा शव व्यवस्थापनमा खटिनुभएका सुरक्षाकर्मी/स्वास्थ्यकर्मी तथा कर्मचारीहरूलाई देहाय बमोजिम सम्मानस्वरूप धन्यवाद सहित प्रशंसापत्र प्रदान गर्नेः

- संस्थागत/नेतृत्वका लागिः- प्रदेश स्वास्थ्य मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, अन्नपूर्ण गाउँपालिका समेत
- व्यक्तिगतः- विपद् व्यवस्थापन प्रतिकार्य, खोज तथा उद्धार कार्यमा कार्यस्थल (फिल्डमा) खटिई विशेष योगदान पुर्याएका सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीहरु।

**निर्णय नं. ७**

प्रदेश विपद् व्यवस्थापन नियमाली, २०७७ मा तपसिल बमोजिम हुने गरी संशोधन गर्न सिफारिस गर्नेः-

- नियम १५(१) मा "खानेपानी, सिँचाइ" भन्ने शब्दहरूको पछि "धार्मिक संस्था र तिनका संरचना" भन्ने शब्दहरू थप्ने।
- नियम १५(२) मा "परिषद्" भन्ने शब्दको सट्टामा "कार्यकारी समिति" भन्ने शब्दहरू राख्ने।
- नियम १७ मा "परिषद्" भन्ने शब्दको सट्टामा "कार्यकारी समिति" भन्ने शब्दहरू राख्ने।

**निर्णय नं. ८**

मुस्ताङ जिल्लामा भूकम्पबाट प्रभावित नागरिकहरुको सुरक्षित बसोवासका लागि पठाइएको सुरक्षित वसोवाससँग सम्बन्धित राहत सामग्रीहरू जिल्ला प्रशासन कार्यालय, मुस्ताङमा हस्तान्तरण गर्नका लागि प्रदेश गोदामघरबाट ढुवानी गर्दा लागेको बील बमोजिमको रकम प्रदेश विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने। सुरक्षित वसोवासका लागि आवश्यक सामग्री ढुवानी गर्न सहजीकरण गर्ने सशस्त्र प्रहरी बल नेपाल, नं. ४ मुक्तिनाथ बाहिनीलाई धन्यवाद ज्ञापन गर्ने।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

२०८२/०५/२९

मुख्यमन्त्री